annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १३० पृष्ठ ८ | काठमाडौं, शनिबार २१ भदौ २०८२ | भाद्र शुक्लपक्ष चुतर्दशी नेपाल संवत् ११४५ | SATURDAY, SEPTEMBER 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## एमालेको कार्यदिशा, नेपाली विशेषताको समाजवाद

सत्तासीन नेकपा एमालेको विधान अधिवेशन शुक्रबारबाट सुरु भएको छ। पार्टीको सिद्धान्त र कार्यदिशामात्र होइन, राष्ट्रिय/अन्तर्राष्ट्रिय राजनीतिबारे पनि विधान अधिवेशनले स्पष्ट धारणा ल्याउनेछ। पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीले 'नेपाली विशेषताको समाजवादलाई कार्यदिशा' बनाउने भन्दै अधिवेशनमा राजनीतिक प्रतिवेदन पेस गरेका छन्।



सुरेन्द्र काफ्ले | काठमाडौं

- को रिपोर्ट

समाचार पृष्ठ २

- नेपाली विशेषतासहितको समाजवादले प्रतिस्पर्धात्मक, जनमुखी र पारदर्शी आर्थिक नीति अवलम्बन गर्ने
- एकरूपतामा एकता होइन, विविधतामा एकतालाई प्रवर्धन गरिनेछ
- कम्युनिस्ट पार्टीलाई निरन्तर जनताको बीचमा स्थापित गर्ने, जनताको सुखदुःखको साथी र सच्चा प्रतिनिधिका रूपमा यसको चरित्रलाई अक्षुण्ण राख्ने, राज्यको नेतृत्व गरिरहँदा उत्पन्न हुन सक्ने भ्रष्टाचार र नोकरसाहीको जोखिमबाट बचाउन निरन्तर शुद्धीकरण गरिनेछ ।
- समाजवाद कुनै आकस्मिक, पराइ या शून्यबाट सिर्जित व्यवस्था होइन, नेपाली इतिहासको हजारौं वर्षको विकासको स्वाभाविक परिणतिका रूपमा, त्यसको निरन्तरता र उत्तराधिकारीका रूपमा विकास गरिनेछ ।
- हामी यस्तो लोकतन्त्रको पक्षमा छौं, जहाँ आमनागरिकलाई अधिकार बराबर हुनेछ । अवसरमा पहुँच समान हुनेछ । सुरक्षा र सम्मानमा बराबरी हक हुनेछ । राज्य साँचो अर्थमा जनताको हुनेछ। राज्यका उपलब्धिमा जनताको हक हुनेछ।
- लगानीबिनाको लाभ, उद्यमबिनाको आय, श्रमबिनाको सानशौकत र वैभवमा रमाइरहेको वर्ग र यसलाई संरक्षण गर्ने शक्ति र प्रवृत्तिसँग अन्तरविरोध नै आजको मुख्य सामाजिक अन्तरविरोध
- पश्चिमी प्रभुत्व द्रुत गतिमा घट्दै
- भारत शक्तिराष्ट्र बन्न उद्यत, तर छिमेकीप्रति अनुदार
- स्वतन्त्र परराष्ट्र नीति र सन्तुलित बाह्य सम्बन्ध
- सबैसँग मित्रता, कसैसँग छैन शत्रुता
- लोकतन्त्रका चुनौती पपुलिज्म र दक्षिणपन्थ
- मानवताको हितमा आधुनिक प्रविधिको प्रयोग, नवीन दृष्टिकोण

## धादाङकोकको भिर, १० वर्षमा लडेर गयो ६ को ज्यान

शिव उप्रेती | गोरखा

चुमनुब्री-६ धुम्चेतका ४३ वर्षीय रिन्जिन लामा गत सोमबार साँझ बिजुलीको मिटिङबाट घर फर्कंदै थिए। धादाङकोकको भिरबाट लडेर निधन भयो। उनको शव निकाल्न जाँदा सिप्चेतका हिसे दोर्जे लामा पनि त्यही भिरबाट खसे र उनको पनि ज्यान गयो। यसअघि पनि सो भिरबाट बर्सेनिजसो बटुवाहरू लडेर ज्यान जाने गरेको स्थानीयवासी बताउँछन्।ताजुदेखि खी रेन्जोमसम्मको साँघुरो बाटोबाट स्यारखोलामा खसेर १० वर्षमा ६ जनाको मृत्यु भएको वडासदस्य हिसेग्याम्जो लामाले बताए। दर्जनौं खच्चड, घोडा, चौंरी र याकहरू पनि सोही भिरबाट लडेर मरेको स्थानीयको भनाइ छ।

साँघुरो बाटो, ज्यादै अग्लो र जोखिम भिर भएकाले लडेपछि जोकोही पनि जीवित नरहने गरेको वडासदस्य हिसे ग्याम्जोको भनाइ छ। 'त्यही एउटै भिरबाट ९-१० वर्षमा ६ जना लडेर मरिसके। घोडा, खच्चड, याक, चौंरी त कति गए गए। अझै कति जाने हुन् ? ', वडासदस्य हिसे ग्याम्जोले भने, '९, १० वर्षअघि सिप्चेतको सेराप दोर्जे बारीमा काम गरेर फर्किंदा त्यहाँबाट खसेर मरे। फेरि आठ, नौ वर्षअघि सिप्चेतकै ङवाङ तान्जेन ताजुमा



चुमनुब्री–६ धादाङकोकको जोखिम भिरको बाटो।

काठको काम गरेर फर्कंदा त्यही छेउबाट लडेर मरे। सिप्चेतकै ङिमा तान्जेन लामाको पनि बारीमा काम गरेर फर्किंदा त्यही भिरबाट लडेर ज्यान गयो। केही वर्षअघि तराईतिरबाट भाँडा बेच्दै आएका अर्का एकजना पनि यहीँबाट खसेर मृत्यु भएको थियो। सिप्चेतका मान्छे त भिरबाट लडेरै सक्किने भए।' बाटो असाध्यै असजिलो र झुक्किएर लडेमा छेकबार केही पनि नभएकाले सिधै डेढ, दुई सय मिटर तल स्यारखोलामा पुग्ने उनको भनाइ छ।

चुमनुब्री गाउँपालिकाको प्रवेशद्वार वडा नं. ३ को पाङसिङसम्म मात्र मोटर बाटोले छोएको छ। वडा नं. ६ पाङसिङबाट एक दिनको पैदल यात्रापछि पुग्ने ठाउँ हो। यहाँका बासिन्दाका लागि मोटर बाटो सपना मात्र भएको छ। 'मोटर बाटो त कहिले हो कहिले ? हामीले आशा पनि गर्न छोडिसक्यौं', वडासदस्य हिसे ग्याम्जो भन्छन्, 'हामीलाई सुरक्षित गोरेटो बाटो मात्र भए पनि बनाइदिए हुन्थ्यो। बर्सेनि कति मान्छे मर्ने।'

ताजुदेखि खी रेन्जोमसम्मको करिब दुई किलोमिटर बाटो अलिकति चौडा बढाउनुपर्ने, छेउमा रेलिङ बनाएमा सुरक्षित हुने स्थानीय गोपाल लामाको भनाइ छ। 'साँघुरो बाटोमा भारी बोकेर हिँड्ने खच्चड, घोडा भित्तामा ठोक्किएर भिरबाट स्यारखोलामा खस्छन्', उनी भन्छन्, 'टाउकामा भाँडाको भारी बोकेर आएका तराईका एकजना पनि भित्तामा भारी ठोक्किएर तल खसेर मरे। त्यसैले बाटो अलि फराकिलो बनाउनुपर्छ। लडिहाल्यो भने अड्काउने रेलिङ र ग्याबिन तारबारले छेक्नुपर्छ। नत्र, सधैं यो बाटोमा यस्तै घटना भइरहन्छन्।' दुई किलोमिटर नै एकैपटक बनाउन नसके पनि तत्काल दुई सय मिटर जति बाटो असाध्यै कठिन भएकाले त्यतिलाई सुरक्षित बनाउनुपर्ने उनको भनाइ छ।

गाउँपालिका वा वडाको बजेटले सो काम गर्न बजेट अपुग हुने भएकाले सो बाटोका लागि संघ वा प्रदेशबाट बजेट र कार्यक्रम विनियोजन हुनुपर्ने स्थानीयवासीको माग छ।

## सूचीकरणका लागि एक्स सम्पर्कमा

**काठमाडौं** (अन्नपूर्ण) : एक्सले सूचीकरणका लागि आवश्यक कागजात मागेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले सूचीकरणका लागि आवश्यक कागजात टिटरले मागेको जानकारी दिए। उनले टिटर आधिकारिक रूपमा नै आश्यक कागजातको विवरण मागेपछि आफूहरूले क्विक रेस्पन्स गरेको बताए।'

एक्सले सूची दर्ताका लागि आवश्यक कागजात माग गर्‍यो। हामीले उहाँहरूलाई आवश्यक प्रक्रिया र कागजातका विषयमा जानकारी गराएका छौं,' उनले भने। हाम्रो पात्रो पनि बिहीबार नै सूची दर्ताका लागि निवेदन दिएको उनले बताए। मेटाले आधिकारिक रूपमा केही पनि नआएको बताएका छन्। सरकारले बिहीबारदेखि २५ वटा सामाजिक सञ्जाल प्लेटफर्म निष्क्रिय पार्ने निर्णय गरेको छ । सोही निर्णयका आधारमा सामाजिक सञ्जाल प्लेटफर्महरू बन्द भएका छन्। सञ्चार मन्त्रालयका अनुसार ५ वटा सामाजिक सञ्जाल दर्ता भएका छन् भने तीनवटा प्रक्रियामा छन्। मन्त्रालयका प्रवक्ताका अनुसार भाइबर मिडिया, टिकटक र सारांश मिडिया ल्याब प्रालि (विटक), निम्बज र पोपोलाइभ मात्रै दर्ता भएका छन्।

## थातथलो छाड्दै कहाँ गए पोखरेली गिद्ध ?

### १७औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस


कृष्णमणि बराल | पोखरा

एक दशकअघि पनि पोखराका विभिन्न फाँटमा प्रशस्तै गिद्ध भेटिन्थे। चाउँथे फाँट, कुँडहर, फेवाताल किनारका सेदी, फेवा फाँट, अन्तर्राष्ट्रिय विमानस्थल भएको छिनेडाँडा, बिरौटा, लेखनाथका फाँटमा गिद्धका लागि 'स्वर्ग' नै मानिन्थे। तर, यी क्षेत्रमा पनि आजभोलि मुस्किलले गिद्ध देखा पर्छन्।

खुला चौर, खेत, फाँट र गिद्धका वासस्थानमा रहेका अग्ला सिमलका रूख सबै मासिँदै गए। गिद्धका लागि स्वर्ग मानिने पोखराको मुख्य बजार क्षेत्रबाटै थातथलो छाड्न गिद्धहरू बाध्य भएको डंगर प्रजातिका गिद्धमा विद्यावारिधि गरेका रामजी गौतम बताउँछन्। करोडौं लगानी गरेर पोखरामा सिँचाइ सुविधा पुर्‍याइएकै खेत र फाँटमा बस्ती बसेसँगै गिद्धको आहारा, चरनक्षेत्र र वासस्थान मासिएको उनले सुनाए।

सेती नदीमा २०४२ सालमा बाँध बाँधेर सिँचाइ सुविधा पुर्‍याइएका चाउँथे, कुँडहर, छिनेडाँडा, लेखनाथ क्षेत्रका फाँटमा बस्ती बसे। फेवातालमा बाँध बाँधेर सिँचाइ सुविधा पुर्‍याइएका बिरौटा फाँट र बेगनास तालमा बाँध बाँधेर सिँचाइ पुर्‍याइएका लेखनाथका फाँटहरूमा पनि मानव बस्ती बसे। खेत मात्र होइन, खुला चौर र सिमलका रूख पनि मासिएपछि पोखरा बजारबाट गिद्ध अन्यत्र जान बाध्य भएको गौतमले बताए।

विमानस्थल बन्नुअघि छिनेडाँडा क्षेत्र हिउँदमा आउने दुई प्रजातिसहित ७ प्रजातिका गिद्धको चरनक्षेत्र थियो। चरनमा छाडिएका पशुचौपाया मरेपछि दुईदेखि तीन सयको संख्यामा गिद्ध जम्मा भएर छिनभरमै सिनोका हाड र छालामात्र बाँकी राख्थे। विमानस्थल बनेपछि भने यो क्रम रोकिएको स्थानीय बताउँछन्।



पोखराको छिनेडाँडा क्षेत्रमा सिनो खाँदै गिद्ध। ● फाइल फोटो : कृष्णमणि बराल

**आहारैको समस्या**

पोखरा बजार क्षेत्रका खेत, फाँटमा एक बाली खेती गरिन्थ्यो। हिउँदमा चरनका लागि चौपाया छोडिन्थे। हिमालपारिका जिल्ला मुस्ताङबाट जाडो छल्न पोखरा झर्नेहरूले खच्चड र घोडाहरू पोखराकै खेत र फाँटमा चरनका लागि छाड्ने गर्थे। पोखरेलीले चौपाया पनि त्यहीँ छोडने गर्थे। मुस्ताङसम्म सडकको पहुँच पुगेपछि ढुवानीमा यातायात प्रयोग भएसँगै घोडा, खच्चड पाल्ने र हिउँदमा पोखरा बजारमा आउने क्रम रोकियो।

» बाँकी पृष्ठ ६

भित्री पृष्ठ




गोठालाको 'कृषि क्रान्ति' - पृष्ठ ३



अनमोल मोली सर्फिङकी रानी - पृष्ठ ४



जन्मदिनमा मनको स्नान - पृष्ठ ५



विश्व बैंकले ५ वर्षमा २७ अर्ब डलर उपलब्ध गराउँदै - पृष्ठ ७